अनुसूची-१६

(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

# श्री भालुखोला गौजेनी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ५ खाल्टे, दाङ

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८३।०२।२५**

भिम बहादुर खड्का
अध्यक्ष

श्री भालुखोला गौजेनी सामुदायिक वन उपभोक्ता समूह बबई गाउँपालिका वडा नं. ५ खाल्टे, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार बबई गाउँपालिका वडा नं. ५ रिमखोली, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु.) | |
| १ | १, २, ४, ७ र ९ | साल | गोलिया | A | १६ | २२१.१२ | १२५० | २७६४००.०० | २४२४९६.१५ |
| | | | | B | ४२ | ४०४.५१ | ९०० | ३६४०५९.०० | |
| | | | | C | १२२ | ५९३.६४ | ६०० | ३५६१८४.०० | |
| | | | | D | ७ | २४.३० | ३०० | ७२९०.०० | |
| | | लट नं. १ को जम्मा | | | १८७ | १२४३.५७ | | १००३९३३.०० | |
| २ | ३, ५, १०, १३ र १४ | साल | गोलिया | A | ६ | ८५.१३ | १२५० | १०६४१२.५० | २४२९८७.५५ |
| | | | | B | ३४ | ३२९.९८ | ९०० | २९६९८२.०० | |
| | | | | C | ७४ | ३५४.५८ | ६०० | २१२७४८.०० | |
| | | | | D | १ | १.५१ | ३०० | ४५३.०० | |
| | | साल जम्मा | | | ११५ | ७७१.२० | | ६१६५९५.५० | |
| | | असना | गोलिया | A | ४ | ५०.५६ | ४०० | २०२२४.०० | |
| | | | | B | १६ | १५७.१५ | ३०० | ४७१४५.०० | |
| | | | | C | ५२ | २६७.१८ | १०० | २६७१८.०० | |
| | | असना जम्मा | | | ७२ | ४७४.८९ | | ९४०८७.०० | |
| | | लट नं. २ को जम्मा | | | १८७ | १२४६.०९ | | ७१०६८२.५० | |
| ३ | ६, ८, ११ र १२ | असना | गोलिया | A | ३ | ४४.५७ | ४०० | १७८२८.०० | १३१६८५.४५ |
| | | | | B | १६ | १४८.५६ | ३०० | ४४५६८.०० | |
| | | | | C | ३८ | १६९.४१ | १०० | १६९४१.०० | |
| | | साल जम्मा | | | ५७ | ३६२.५४ | | ७९३३७.०० | |
| | | जामुन | गोलिया | A | २ | ३०.१४ | ४०० | १२०५६.०० | |
| | | | | B | ५ | ६२.८१ | ३०० | १८८४३.०० | |
| | | | | C | ६ | २७.०१ | १०० | २७०१.०० | |
| | | असना जम्मा | | | १३ | ११९.९६ | | ३३६००.०० | |
| | | खोटे सल्ला | गोलिया | B | २८ | १९२.८१ | १५० | २८९२१.५० | |
| | | खोटे सल्ला जम्मा | | | २८ | १९२.८१ | १५० | २८९२१.५० | |
| | | लट नं. ३ को गोलिया काठ जम्मा | | | ९८ | ६७५.३१ | | १४१८५८.५० | |
| | | साल | दाउरा | | | ४.०० | १२००० | ४८०००.०० | १२६०००.०० |
| | | साल मिश्रित | | | | १.०० | ८००० | ८०००.०० | |

अनुसूची-१६

(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

# श्री भालुखोला गौजेनी सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ५, खाल्टे, दाङ

| वनपैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु.) | |
| | | अन्य | | | | ४.०० | ४००० | १६०००.०० | |
| | | लट नं. ३ को दाउरा जम्मा | | | | ९.०० | | ७२०००.०० | |
| | | लट नं. ३ को जम्मा | | | | | | २१३८५८.५ | |
| लट नं. १, २ र ३ को गोलिया काठको कुल परिमाण | | | | | ४७२ | ३१६४.९७ | | | |
| नोटः- काठ, दाउरा संकलन खर्च काठको प्रति घ.फि. १९५।- र दाउराको प्रति चट्टा १४,०००।- | | | | | | | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०३।१४ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३।०३।१५ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको कुमारी बैंक लिमिटेड, हापुरे शाखा, दाङमा रहेको खाता नं. १५२०१५१४१०७००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस भालुखोला गौजेनी सामुदायिक वन उपभोक्ता समूहको बबई गाउँपालिका वडा नं. ५, रिमखोली, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०३।१५ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

# इभीका लागि देशभर १० हजार चार्जिङ स्टेशन निर्माण गर्न सुझाव

**युगबोध समाचारदाता**

काठमाडौं, २४ जेठ । पूर्वाधार विकास मन्त्रालयले गरेको एक अध्ययनअनुसार देशभर विद्युतीय सवारीसाधन (इभी) को थप प्रवर्द्धनका लागि देशभर कम्तिमा १० हजार चार्जिङ स्टेशन निर्माण गर्नुपर्ने देखिएको छ । मन्त्रालयले गरेको 'नेपालमा इभी प्रवर्द्धनका लागि अवसर, चुनौती र सम्भावना' सम्बन्धी अध्ययन प्रतिवेदनले मुलुकभर १० हजार चार्जिङ स्टेशन निर्माण गर्नुपर्ने जनाएको हो ।

सन् २०३० सम्म उक्त संख्यामा चार्जिङ स्टेशन निर्माण गर्न सकिएमा विद्युतीय सवारीसाधनको प्रवर्द्धन उल्लेख्य रूपमा हुने प्रतिवेदनमा उल्लेख गरिएको छ । हाल देशभर कुल एक हजार चार्जिङ स्टेशन सञ्चालनमा छन् । अधिकांश स्टेशन विद्युतीय सवारीसाधनका आधिकारिक बिक्रेताले सञ्चालन गर्दै आएका छन् । विशाल ग्रुप, पारामाउन्ट मोटर्स, भिजी अटोमोबाइलगायतले २५०, १६० एमएडब्ल्यू बृद्धिले, ७० साइमेक्स इंकले, दिगो प्रालिले १२० वटा शशिला मोटर्सले, १७ वटा त्रिवेणी ग्रुपलगायतले चार्जिङ स्टेशन निर्माण गरी सञ्चालन गरिरहेका छन् । अधिकांश स्टेशन काठमाडौं, पोखरा, भरतपुरलगायत मुख्य शहर क्षेत्रमा केन्द्रित छन् ।

साविक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले एक कार्यदल बनाएर विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि गर्नुपर्ने तयारीका बारेमा प्रतिवेदन बुझाएको थियो । सो मन्त्रालयका सहसचिव कृष्णराज पन्थ संयोजक रहनुभएको कार्यदलले तयार पारेको प्रतिवेदनअनुसार चार्जिङ पूर्वाधार, ब्याट्रीको लागत, सडक पूर्वाधार, ब्याट्रीको पुनः उपयोग तथा डिस्पोजललाई चुनौतीका रूपमा दर्शाएको छ । त्यस्तै, दक्ष जनशक्ति र अन्तरराष्ट्रिय अनुभव, निजी क्षेत्रको सीमित सहभागिता, सीप विकासको अभाव, सवारीसाधनका पार्टस्को आयातमा रहेको निर्भरतालाई चुनौतीका रूपमा देखाएका छन् । उच्च शुरुवाती लागत र न्यून पुनः बिक्री मूल्य, सवारीसाधनको गुणस्तर, योग्य चालकको अभाव, ठूला सवारी तथा मालवाहक सवारीका रूपमा विद्युतीय सवारीको प्रयोग हुन नसक्नुलाई चुनौतीका रूपमा लिइएको छ ।

विद्युतीय यातायातमैत्री भौतिक पूर्वाधारमा लगानी, निजी लगानी प्रोत्साहन, चार्जिङ स्टेशनहरू र ब्याट्री स्वापिङ (विद्युतीय सवारीसाधन चार्ज गर्ने आधुनिक र तीव्र प्रविधि) नीति, ब्याट्रीको जीवन र व्यवस्थापनको चुनौती, प्रविधिको अनुसन्धान र विकास, मापदण्ड तर्जुमा नहुनुलाई पनि चुनौतीका रूपमा लिइएको छ । पूर्वाधार विकास मन्त्रालयले गरेको 'नेपालमा इभी प्रवर्द्धनका लागि अवसर, चुनौती र सम्भावनाको अध्ययन प्रतिवेदन' अनुसार राजमार्ग, ग्रामीण क्षेत्र र गाउँमा चार्जिङ अपर्याप्त रहेकाले विद्युतीय सवारीलाई सार्वजनिक साधनका रूपमा प्रयोगमा ल्याउन तथा लामो दूरी यात्रामा व्यवस्थापन गर्न समस्या हुने गरेको छ ।

जलविद्युतको आन्तरिक खपत वृद्धि गर्ने उद्देश्यका साथ सरकारले विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने नीति लिएको छ। आगामी आर्थिक वर्षको बजेटमा पनि सरकारले विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । मुद्रा सटहीमा बचत हुने भएकाले यसलाई विद्युत् प्राधिकरणले १४२ किलोवाट क्षमताका ६२ वटा द्रुत गतिका चार्जर सञ्चालन गरिरहेको छ । प्राधिकरणले चालु आवमा सात प्रमुख ठाउँमा पूर्वाधार विस्तारका लागि एक करोडभन्दा बढी बजेट विनियोजन गरेको थियो । देशभर करिब एक लाख किलोमिटर सडक सञ्जाल पुगेको छ । विद्युतीय सवारीको चार्जिङ स्टेशनमार्फत अधिकतम उपयोग गरी आन्तरिक खपत वृद्धि गर्ने, स्वदेशी ऊर्जाको माध्यमबाट विश्वव्यापीरूपमा इन्धनको मूल्यमा हुने अस्थिरता र आपूर्ति अवरोधबाट मुलुकलाई जोगाउन पनि विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने नीति लिइएको हो ।

ऊर्जा जलस्रोत तथा सिंचाईमन्त्री विराजभक्त श्रेष्ठले विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि मन्त्रालयले योजनाबद्ध प्रयास गरिरहेको जानकारी दिनुभयो । मन्त्रालयले तयार पारेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' मा देशभर चार्जिङ स्टेशनको सञ्जाल विस्तार गर्ने उल्लेख छ। सो कार्य आर्थिक वर्ष २०८५/८६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ। पेट्रोलपम्पमा चार्जिङ स्टेशन र सार्वजनिकरूपमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिने लक्ष्य निर्धारण गरेको छ । सो कार्यका लागि ऊर्जा मन्त्रालयले जिम्मेवार निकायका रूपमा प्राधिकरणलाई तोकेको छ । प्रमुख शहरहरूमा विद्युतीय बस र ट्रली बस सञ्चालन गरी आन्तरिक विद्युत् खपत क्षमता विकास गर्ने ऊर्जाको लक्ष्य छ ।

दिगो लक्ष्यअनुसार सन् २०३० सम्म ९० प्रतिशत निजी विद्युतीय सवारीसाधन र सन् २०४५ सम्म 'नेट शून्य कार्बन' उत्सर्जनको नेपालको लक्ष्य प्राप्ति गर्न विद्युतीय सवारी साधनको महत्वपूर्ण भूमिका रहने देखिन्छ । अवसरका रूपमा चित्रण गर्दै अध्ययन प्रतिवेदनले कम सञ्चालन लागत र रोजगारी सिर्जना, वायु प्रदूषणमा कमी आउने, सार्वजनिक यातायातको आधुनिकीकरण र सडक दुर्घटनामा कमी आउने, सहरी यातायात दक्षता र पर्यटकीय आकर्षण बढ्ने उल्लेख छ ।



**मकै गोडमेल गर्दै किसान** : घोराही उपमहानगरपालिका-१४ स्थित झिङ्डौराका किसानहरू बारीमा लगाइएको मकै गोडमेल गर्दै । गोडमेल गर्दा झारपात नियन्त्रण हुनुका साथै मकैको उत्पादनमा वृद्धि हुने भएकाले किसानहरू यतिबेला खेतबारीमा व्यस्त देखिन्छन् ।

*तस्बिर : कुलदीप न्यौपाने*

# सकियो अन्तर-व्यवस्थापिका मञ्चको ११ औं सम्मेलन

**युगबोध समाचारदाता**

टीकापुर, २४ जेठ । अन्तर-व्यवस्थापिका मञ्चको ११ औं सम्मेलन सहकार्य र अन्तरआबद्धतालाई सूचना प्रविधियुक्त बनाउन संघीय संसद् र सबै प्रदेशसभाले 'डिजिटल पार्लियामेन्ट' प्रणाली विकास गर्नेलगायत नौबुँदे टीकापुर-सन्देशपत्र जारी गर्दै सकिएको छ ।

संसदीय गतिविधिमा सूचना प्रविधिमार्फत नागरिक सहभागिता सुनिश्चित गर्न एवं तहगत व्यवस्थापिकाबीच ' डिजिटल पार्लियामेन्ट' प्रणाली विकास गर्ने घोषणासहित कैलालीको टीकापुरमा सम्मेलन सम्पन्न भएको हो । टीकापुरमा आयोजित दुईदिने सम्मेलनमा संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मर्मलाई आत्मसात् गर्दै संघ, प्रदेश र स्थानीय तहका कानुन निर्माण र व्यवस्थापकीय कार्य प्रक्रियालाई सहकारिता, समन्वय र सहअस्तित्वको संवैधानिक सिद्धान्तअनुरुप प्रभावकारी कार्यान्वयन गर्ने विषयमा छलफल भएको थियो ।

सम्मेलनबाट जारी सन्देशपत्रमा संघ, प्रदेश र स्थानीय तहबाट हुने कानुन निर्माण र संसदीय काम कारवाहीलाई छिटो, छरितो र पारदर्शी तुल्याउन, तहगत संसद् र सभाबीच प्रभावकारी सहकार्य र अन्तरआबद्धता स्थापित गर्ने जनाइएको छ । यसका लागि संघीय संसद्सँग समन्वय गर्न सबै प्रदेशसभाले संघ-प्रदेश समन्वय शाखा/इकाई स्थापना गर्ने र अन्तर-व्यवस्थापिका मञ्चको सचिवालयको कार्य संघीय संसद् सचिवालयको प्रदेशसभा सम्पर्क तथा समन्वय शाखाले गर्ने सन्देशपत्रमा उल्लेख छ ।

तीनै तहका कानुन निर्माण एवं व्यवस्थापकीय कामलाई अनुसन्धान तथा विकास र नवप्रवर्तनमा आधारित बनाउन, संघीय संसद्, प्रदेशसभा तथा स्थानीय तहका जनप्रतिनिधि एवं कर्मचारीको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न संघीय संसद्अन्तर्गत एक व्यवस्थापकीय प्रतिष्ठान स्थापनाका लागि विशेष पहल गर्ने भनिएको छ । सन्देशपत्रमा सरकारको नीति तथा कार्यक्रम, पूर्वबजेट छलफल एवं संसदीय बजेट निर्माण कार्यलाई प्रभावकारी र नतिजामूलक बनाउन आगामी आर्थिक वर्षभित्र संघीय संसद् र प्रदेशसभाबाट आवश्यक कानुनी व्यवस्थासहित संसदीय बजेट कार्यालय स्थापनाको कार्य अघि बढाउने, संघीय संसद् तथा प्रदेशसभाका सदस्यको कार्यगत दक्षता अभिवृद्धि गरी कानुन तर्जुमा कार्य एवं संसदीय क्रियाकलापलाई गुणस्तरीय र प्रभावकारी तुल्याउन संघीय संसद् तथा प्रदेशसभाका सदस्यलाई अत्यावश्यक रहेका सहयोगी कर्मचारी व्यवस्था गर्न सम्बन्धित निकायमा पहल गर्ने जनाइएको छ ।

यसैगरी, संघ, प्रदेश र स्थानीय तहका उदाहरणीय विधायिकी अभ्यास तथा व्यवस्थापकीय कार्यकुशलता आदानप्रदान गर्न संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी एवं कर्मचारीबीच आवश्यकताअनुसार अन्तरक्रिया, छलफल तथा समीक्षा कार्यक्रम आयोजना गर्ने, प्रदेशसभामा कर्मचारी व्यवस्थापनमा समस्या भई सभा सञ्चालन तथा कानुन निर्माणलगायतको कार्यमा प्रत्यक्ष प्रभाव परेको सन्दर्भमा पनि ध्यानाकर्षण गराइएको छ । त्यसका लागि नेपालको संविधानको भाग २९ मा रहेको संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्धअन्तर्गत धारा २३१ को उपधारा (३) को व्यवस्थाअनुसार कर्मचारी व्यवस्थापन गर्न संघीय संसद्, प्रदेशसभाको कर्मचारीका लागि एउटै सेवा गठनसम्बन्धी आवश्यक कानुन निर्माण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निचोड निकालिएको छ ।

संघीय संसद्, प्रतिनिधिसभाका उपसभामुख, राष्ट्रियसभाका उपाध्यक्ष तथा प्रदेशसभाका उपसभामुखहरुको कामकारवाही एवं भूमिकालाई अझ बढी सक्रिय एवं प्रतिफलमूलक बनाउने विषयमा पनि गम्भीर चासो व्यक्त गरिएको छ । त्यस सम्बन्धमा नेपालको संविधान र प्रचलित कानुन समेतको अध्ययन गरी तीन महिनाभित्र सुझावसहितको प्रतिवेदन पेश गर्न राष्ट्रियसभाका सचिव तुलबहादुर कँडेलको संयोजकत्वमा कोशी प्रदेशसभाका सचिव सुदर्शन खड्का र लुम्बिनी प्रदेशसभाका सचिव दुर्लभकुमार पुन मगर सदस्य रहेको अध्ययन समिति गठन गर्ने र समितिबाट प्रतिवेदन पेश भएपश्चात् अन्तर-व्यवस्थापिका मञ्चको बैठक बसी आवश्यक निर्णय गर्ने पनि सन्देशपत्रमा उल्लेख छ ।

मञ्चको बाह्रौं सम्मेलन कर्णाली प्रदेशमा आयोजना गरिने तय भएको छ ।

### खाद्य.....

लुकाइएको छ, यो कुरामा उपभोक्तालाई सचेत गराउने र बिक्रेतालाई उपभोक्ताको स्वास्थ्यप्रति जिम्मेवार बनाउन जरुरी छ'- पौडेलले भन्नुभयो ।

घोराही उपमहानगरपालिकाको उपभोक्ता हित संरक्षण शाखामा चालु आर्थिक वर्षमा खाद्य सुरक्षाका विषयमा ११ वटा लिखित र झण्डै तीन दर्जनजति मौखिक उजुरी परेका छन् । अहिले त हेलो सरकारमार्फत पनि खाद्य सुरक्षाबारे गुनासो टिपाउन थालिएको छ । यसले के देखाउँछ भने उपभोक्ताहरु खाद्य सुरक्षाका लागि विस्तारै सचेत हुन थाले पनि अनुगमन, नियमनलाई प्रभावकारी बनाउन नसक्दा बजार खाद्य स्वच्छताको हिसावले अझै जोखिमपूर्ण अवस्थामै रहेको अधिकारकर्मीहरु बताउँछन् ।

### जैविक.......

तरकारी, फलफूल तथा खाद्य उत्पादनले हाम्रो स्वास्थ्यलाई प्रत्यक्ष असर गरिरहेको छ तर हामी जैविक विषादी प्रयोगलाई अपनाउन अग्रसर भएका छैनौं'- उहाँले भन्नुभयो- 'रासायनिक विषादीको प्रयोग एकैपटक पूर्णरुपमा हटाउन सम्भव नभए पनि यसको प्रयोगलाई न्यूनीकरण गर्न सकिन्छ । स्थानीय सरकारले माटोको उपचार, जैविक खेती प्रवर्द्धन र किसानमुखी कार्यक्रमलाई आगामी बजेटमा प्राथमिकतामा राखेको छ ।'

तुलसीपुर उपमहानगरपालिका कृषि समितिका संयोजक तथा तुलसीपुर-१५ का वडाध्यक्ष लक्ष्मण चौधरीको अध्यक्षतामा कार्यक्रम भएको थियो । कृषि समितिका सदस्य हुमकान्त सापकोटाको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सहजीकरण कृषि शाखा अधिकृत शंकर न्यौपानेले गर्नुभएको थियो ।

# आइतबारको बिदा खारेज गर्न लागिएको होइन

**युगबोध समाचारदाता**

काठमाडौं, २४ जेठ । नेपाल सरकारले दुई दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिदै आएकामा आइतबारको बिदा खारेज गर्न लागेको भन्ने समाचार सत्य नभएको जनाएको छ ।

सरकारले हप्तामा दुई दिन शनिबार र आइतबार सार्वजनिक बिदा दिदै आएकामा आइतबारको बिदा खारेज गर्ने तयारी गरेको समाचार बाहिरिएपछि सरकारले त्यसको खण्डन गरेको हो । प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले आइतबारको बिदा खारेज गरिएको भनेर आएको समाचार सत्य नभएको बताउनुभयो । उहाँले भन्नुभयो- 'यस विषयमा सरकारले कुनै निर्णय गरेको छैन र अहिलेका लागि यस सम्बन्धमा कुनै तयारी पनि छैन ।'

यसअघि पश्चिम एसियाको समस्याका कारण इन्धनमा भएको निरन्तरको मूल्यवृद्धि लगायतले जनजीवनमा सहज होस् भन्ने उद्देश्यले गत चैत २२ को मन्त्रिपरिषद्को बैठकले शनिबार र आइतबार सार्वजनिक बिदा दिएर कार्यालय समय बिहान ९ देखि बेलुकी ५ बजेसम्म कायम गर्ने निर्णय गरेको थियो ।

# बाँकेमा हुलाकी सडक विस्तार हुँदै

नेपालगञ्ज, २४ जेठ (युस)- बाँकेमा हुलाकी सडक विस्तार गर्न थालिएको छ । जिल्लाको राप्ती सोनारी गाउँपालिका-३ स्थित नारायणपुरदेखि बाँके र दाङको सिमाना कुसुमपारी भवानीपुरसम्म सडक विस्तार गर्न लागिएको हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय नेपालगञ्जले जनाएको छ ।

कार्यालय प्रमुख लीलाबहादुर भण्डारीले राजमार्गको दाङ, बाँके र बर्दिया खण्डको ७५ किलोमिटर सडकमध्ये करिब ३६ किलोमिटर मार्गको ट्र्याक खोल्नुपर्ने र त्यसमा करिब २० वटा पुल निर्माण हुने बताउनुभयो । जसअन्तर्गत दाङतर्फ २२ किलोमिटर सडक र १७ वटा पुलसहित रु. २९ अर्ब स्रोत सुनिश्चित भएको उहाँले जानकारी दिनुभयो । कार्यालय प्रमुख भण्डारीले भन्नुभयो- 'अधिकांश सडकका लागि टेण्डर हुने प्रक्रियामा छ । परियोजनामार्फत् अबको तीन वर्षमा दाङ, बाँके र बर्दियामा काम सम्पन्न हुनेछ ।

यस सडकले महेन्द्र राजमार्गको वैकल्पिक मार्गको काम गर्नेछ। यसको मूल उद्देश्य नै जिल्ला सदरमुकाममा पूर्वदेखि पश्चिमसम्म जोड्ने हो, जसले पिछडिएका क्षेत्र र स्थानीय समुदायलाई विकासको मूल धारमा ल्याउन ठूलो मद्दत पुग्ने हाम्रो विश्वास छ।' सडक विस्तारका लागि करिब १५ किलोमिटर घना जंगल पर्ने जनाइएको छ । रुखको अवस्थाबारे जानकारी प्राप्त गरेको र त्यस क्षेत्रमा वातावरणीय प्रभाव मूल्यांकन र विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) को काम सम्पन्न भइसकेको छ । सडकको चौडाइ १२ मिटर रहने र नौ मिटर अस्फाल्ट प्रविधिमा कालोपत्र गरिनेछ । निर्देशनालयका अनुसार यही असार ३१ गतेसम्म सूचना प्रकाशनपछि असोज महिनाबाट सडकको काम शुरु हुनेछ ।

हुलाकी राजमार्ग यस क्षेत्रको विकासका लागि महत्वपूर्ण मेरुदण्ड र पूर्व-पश्चिम राजमार्गको विकल्पका रूपमा रहने छ । समाजसेवी पोषण केसीले गुणस्तरीय सडकको अभावमा वर्षौंदेखि यहाँका ग्रामीण क्षेत्र विकासमा पछाडि परेको भन्दै सडक बनेमा त्यहाँका जनताको जीविकोपार्जनमा निकै सघाउ पुग्ने बताउनुहुन्छ । 'सडक बनेपछि आर्थिक तथा सामाजिक रुपमा यो क्षेत्रको कायापलट हुने विश्वास छ'- उहाँले भन्नुभयो । राप्तीसोनारी गाउँपालिका-१ का अध्यक्ष यमबहादुर खड्काले हुलाकी सडक विस्तार हुने खबरले यस क्षेत्रका जनतामा खुशियाली छाएको बताउनुभयो । उहाँले सडक बनेमा ग्रामीण क्षेत्रका कृषिउपजको बजारीकरण, शिक्षा, स्वास्थ्यलगायत सेवामा पहुँच विस्तार हुने बताउनुभयो ।

# नेपालले हङकङसँग फाइनल खेल्ने

काठमाडौं, २४ जेठ (युस)- सिंगापुरमा भइरहेको एसियन गेम्स पुरुष क्रिकेट छनोटको फाइनलमा नेपालले हङकङसँग खेल्ने भएको छ । आइतबार दिउँसो भएको दोस्रो सेमिफाइनलमा हङकङले मलेसियालाई हराउँदै फाइनलमा स्थान बनाएको हो ।

मलेसियाले दिएको ११५ रनको लक्ष्य हङकङले १८.२ ओभरमा ४ विकेटको क्षतिमा पूरा गर्‍यो । शाहिद वासिफले ५९ रन बनाएर अविजित रहे । बाबर हायात २४ रनमा अविजित रहे । मलेसियाका विजय उन्नीले २ विकेट लिदा सायद अजिज र विरानदीप सिंहले १/१ विकेट लिए । खेलमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको मलेसियाले २० ओभरमा ९ विकेट गुमाएर ११४ रन बनाएको थियो । विरानदीपले सर्वाधिक ४५ रन बनाए । हङकङका लागि एहसान खानले ४ विकेट लिए । आयुष शुक्ला र मोहम्मद हसन खानले २/२ तथा यासिम मुर्तजाले १ विकेट लिए ।

यसअघि आइतबार नै भएको पहिलो सेमिफाइनलमा नेपालले ओमानमाथि सहज जित निकाल्दै फाइनलमा प्रवेश गरेको थियो । फाइनल खेल सोमबार दिउँसो सवा १२ बजे हुनेछ । त्यसअघि तेस्रो स्थानका लागि ओमान र मलेसिया बिहान सवा ७ बजेदेखि खेल्नेछन् । नेपालसहित सेमिफाइनल पुगेका चारवटै टोली एसियन गेम्सका लागि छनोट भइसकेका छन् ।


## आकर्षक घडेरी

घोराही उपमनपा-१६
सर्रास्थित घोराही-तुलसीपुर
हाइवेदेखि ३०० मिटर नजिकै
११-४० हात क्षेत्रफलको
आकर्षक घडेरी बिक्रीमा छ ।
जग्गाधनी सम्पर्क
नं. ९८४७८२६३२४

## सस्तोमा घडेरी

नारायणपुर, झारबैरा
चोकको पेट्रोल पम्पदेखि ६
सय मिटर दक्षिण स्यानीगाउँ
जाने पिच बाटोमा ५ मिटर
मोहडा र २० मिटर पिछवाड
भएको आकर्षक घडेरी
तु. बिक्रीमा छ ।
सिधा सम्पर्क :
९८४७८७८५०५
९८५७८७८५०५

## सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC)

**भूमि-कृषि कार्यक्रम, लमही नगरपालिका-५, कोलही, दाङ**

## शिलबन्दी बोलपत्र आह्वानको सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८३ जेठ २५ गते

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रबाट लमही नगरपालिका, राजपुर गाउँपालिका, राप्ती गाउँपालिका र गढवा गाउँपालिकमा संचालित जलवायुमैत्री कृषि कार्यक्रमका लागि बिउबिजन, कृषिजन्य मेशिनरी र सामग्रीहरु आवश्यक भएकाले योग्यता पुगेका इच्छुक सप्लायर्सबाट शिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगाना** :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको फिल्ड कार्यालय, लमही-५ कोलही दाङ वा
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र टोखा, धापासी काठमाडौं ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति** : २०८३ असार ३ गते, साँझ ५:०० बजेभित्र ।
**शिलबन्दी बोलपत्र खोल्ने मिति र समय** : २०८३ असार ४ गते, बिहान १०:०० बजे ।

**आवश्यक कागजातहरू** :
१. आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्र ।
२. भ्याट दर्ता प्रमाणपत्र ।
३. कम्पनी दर्ता प्रमाणपत्र ।
४. अन्य सम्बन्धित कागजातहरू ।
- शिलवन्दी बोलपत्र लिफाफामा लाहाछापसहित आधिकारिक छाप र दस्तखत लगाएको हुनु पर्नेछ ।
- शिलबन्दी बोलपत्रमा सबै सामग्रीहरूको मूल्य, प्राविधिक विवरण, र चित्र स्पष्ट रूपमा उल्लेख हुनु पर्नेछ ।
- शिलबन्दी बोलपत्र समय सीमाभित्र प्राप्त नभएमा मान्य हुनेछैन ।
- सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले कुनै पनि शिलबन्दी बोलपत्र स्वीकार नगर्न, आंशिक रूपमा स्वीकार गर्न, वा सम्पूर्ण बोलपत्र रद्द गर्ने अधिकार रहने छ ।

**शिलबन्दी बोलपत्र सम्बन्धी थप जानकारीको लागि सम्पर्क** :
फोन : ०१४३६०४८६ वा ९८४७८७५६४६
ईमेल : landrights@csrcnepal.org
शिलवन्दी वोलपत्रमा समावेश गर्नुपर्ने सामग्रीहरूको सूची र अन्य विवरणहरू निम्नलिखित लिंकमा उपलब्ध छन् : www.csrcnepal.org

***नोट** : शिलबन्दी बोलपत्रमा उल्लेख भए अनुसार चार वटा प्याकेजहरू रहेका छन् :*
*प्याकेज १: कृषि बिउ, प्याकेज २: कृषि सामग्री/प्लास्टिक सामग्री, प्याकेज ३: कृषि उपकरण तथा प्याकेज ४: बाली संरक्षण सामग्री/मल। प्रत्येक प्याकेजको दर विश्लेषण तथा तुलना छुट्टाछुट्टै रूपमा गरिनेछ ।*

## श्री आधारभूत विद्यालय

**तुलसीपुर- १५ कोठरी, दाङ**

## शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना !

सूचना प्रकाशित मिति : २०८३।०२।२५

यस श्री आधारभूत विद्यालय तुलसीपुर-१५ कोठरी दाङमा आ.व. २०८२/०८३ को नेपाल सरकार संघीय सशर्त अनुदान अन्तर्गत यस विद्यालयलाई शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयमा **भर्चुअल शिक्षण, ई-पुस्तकालय र सूचना पविधिका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन कार्यक्रम** अनुदान अन्तर्गत विनियोजित रु. १०,००,०००।- (रु. दश लाख) बजेटबाट विद्यालयमा आवश्यक सामग्रीहरु खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक संस्था फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवश्यक कागजातहरु सहित दरभाउपत्र प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोट** : माथि उल्लेखित कार्यक्रम अन्तर्गत खरिद गर्नुपर्ने सामग्रीहरुको लिष्ट तथा स्फेशिफिकेशन विद्यालयबाट संस्था वा फर्महरुलाई उपलब्ध गराइनेछ ।

**आवश्यक कागजातहरू**:
- Vat दर्ताको प्रमाणपत्र
- कर चुक्ताको प्रमाणपत्र
- इजाजतपत्र
- फर्म नवीकरणको प्रमाणपत्र

निवेदन दस्तुर : रु. ५००।- (रु. पाँच सय) मात्र
सम्पर्क नं. : ९८४७९१४४५२

**प्रधानाध्यापक**

## श्री भालुखोला गौजेनी सामुदायिक वन उपभोक्ता समूह

**बबई गाउँपालिका वडा नं. ५ खाल्टे, दाङ**

## गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

दोस्रो पटक प्रकाशन मिति : २०८३।०२।२५ गते

श्री भालुखोला गौजेनी सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. ५ खाल्टे, दाङको वनबाट उत्पादन भई बबई गाउँपालिका वडा नं. ५ रिमखोली, दाङको घाटगद्दीमा लट बनाई राखिएको साल, असना, जामुन र खोटे सल्ला प्रजातिको गोलिया काठ थान ४७२ को ३१६४.९७ घ.फि., साल दाउरा ४.०० चट्टा, साल मिश्रित दाउरा १.०० र अन्य दाउरा ४.०० चट्टा गरी जम्मा ९.०० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ।

**अध्यक्ष**


नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक : ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालयः घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरुः राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com